रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :९ संख्या : १० मिति : २०८२/१२/३०

## भाग २

# रंगेली नगरपालिका

रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७७ र रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी (पहिलो संशोधन), २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ बमोजिम कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ ।

## रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्न सम्बन्धी कार्यविधि (तेस्रो संशोधन),२०८२

नगरकार्यपालिका बाट स्वीकृत मितिः २०८२/१२/१२

**रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी (तेस्रो संशोधन), २०८२**

**प्रस्तावनाः** रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७७ र रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी (पहिलो संशोधन), २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ बमोजिम कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधीको नाम "रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी (तेस्रो संशोधन),२०८२" रहेको छ ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७७ मा संशोधनः** (१) रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७९ को दफा ५ को उदफा ख लाई देहाय बमोजिम संशोधन गरिएको छ।

**५(ख)** काम गरेको अनुभव वापत-२(दुइ) अंक (२ वर्ष भन्दा बढी कार्य अनुभव भएमा २ अंक)

**३. रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी (पहिलो संशोधन), २०७९ मा संशोधनः** (१) रंगेली नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी (पहिलो संशोधन), २०७९ को दफा ५ को उपदफा (ग) लाई देहाय बमोजिम संशोधन गरिएको छ ।

**५(ग)** यस नगरपालिकाको बासिन्दा भएमा-५ अंक

यस नगरपालिका भन्दा बाहिरको बासिन्दा भएमा-३ अंक

**आज्ञाले**
**प्रदिप शाह**
**प्रमुख प्रशासकीय अधिकृत**